# लोक सेवा आयोग

## राष्ट्रिय मानव अधिकार सेवा, अधिकृत तृतीय श्रेणी, मानव अधिकार अधिकृत वा सो सरह पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/२/२२

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: **Job-Knowledge Specific Subject**

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। साथै, प्रश्न नं. 12 को उत्तर अनिवार्य रूपमा English Language मा लेख्नुपर्नेछ।

### Section – A 25 Marks

1. मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि प्रजातान्त्रिक शासन व्यवस्था अपरिहार्य हो कि होईन ? नेपालको सन्दर्भमा तर्क सहित पुष्ट्याई दिनुहोस्। 5
2. नेपालको सन्दर्भमा कानूनको शासन (Rule of Law) प्रजातन्त्र (Democracy) र मानव अधिकार (Human Rights) बीच विद्यमान सम्बन्धको संवैधानिक तथा कानूनी व्यवस्था, तिनको प्रयोग र अदालतबाट भएका व्याख्याहरू समेतका आधारमा तपाईंको मूल्याङ्कन बुँदागत रूपमा प्रस्तुत गर्नुहोस्। 10
3. मानव अधिकारको हनन भएको भनी परेको उजुरीको छानबिन गर्दा के-कस्ता विधि र प्रक्रिया पूरा गर्नुपर्छ ? साथै साक्षीको भनाई अभिलेखन गर्दा कुन-कुन विषयमा ध्यान पुऱ्याउनु पर्दछ ? बुँदागत रूपमा उल्लेख गर्नुहोस्। 5+5=10

### Section – B 25 Marks

4. नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिप्रति राज्यको के-कस्तो दायित्व हुन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस्। 5
5. बाल अधिकार महासन्धिका व्यवस्थाहरूबारे नेपाल कानूनमा गरिएको व्यवस्थाका सम्बन्धमा समीक्षा गर्नुहोस्। 10
6. अन्तर्राष्ट्रिय फौजदारी अदालतले मानव अधिकारको संरक्षणमा कसरी योगदान दिन सक्दछ ? अदालतको क्षेत्राधिकारको प्रयोगको आधारमा विश्लेषण गर्नुहोस्। 10

### Section – C 25 Marks

7. नेपालमा दलित समुदायको सामाजिक तथा सांस्कृतिक अवस्थाबारे संक्षिप्त चर्चा गर्नुहोस्। 5
8. आदिवासी जनजाति एवम् दलितका अधिकारहरू अन्य मानव अधिकार भन्दा कुन अर्थमा भिन्न हुन् ? आदिवासी जनजाति एवम् दलितका अधिकारको संरक्षण सम्बन्धमा नेपाल कानूनमा भएका व्यवस्था तथा न्यायपालिकाले निर्वाह गरेको भूमिका पर्याप्त छ वा छैन चर्चा गर्नुहोस्। 4+6=10
9. मानव अधिकारमा आधारित विकासको दृष्टिकोण भन्नाले के बुझिन्छ ? प्रकाश पार्नुहोस्। यस आधारबाट दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न नेपालले गरेका प्रयासहरूको समीक्षा गर्नुहोस्। 4+6=10

### Section – D 25 Marks

10. मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा नेपाल कानूनमा भएका व्यवस्थाहरूको संक्षिप्त टिप्पणी गर्नुहोस्। 5
11. नेपालमा मानव अधिकारको स्थिति र चुनौती सम्बन्धमा मुख्य मुख्य पाँचवटा समकालीन सवालहरू (Contemporary Issues) उल्लेख गर्दै तिनीहरूको व्याख्या समेत गर्नुहोस्। 5+5=10
12. In the current situation where common Nepali are not able to enjoy the guarantee of fundamental human rights under the constitution of Nepal (part 3), it is necessary to make Nepali citizens aware through the news media. Therefore prepare a model of a press release focusing on the fundamental human rights of Nepali citizens. 10

««समाप्त»»